# ज्वालामूखी गाँउपालिका

# आ.व. २०८१/०८२ को

# वजेट वक्तव्य

ज्वालामूखी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
साँधभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल
Email :info@jwalamukhimun.gov.np
ito.jwalamukhimun@gmail.com\
jwalamukhiruralmun@gmail.com
Website:jwalamukhimun.gov.np

# ज्वालामूखी गाउँपालिकाको आ.व. २०८१।०८२ को वजेट बक्तव्य

ज्वालामूखी गाउँपालिकाको गाउँसभाको तेह्रौं अधिवेशनका श्रद्धेय अध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत विषयगत शाखा प्रमुखज्यूहरु, सम्पूर्ण कर्मचारी ज्यूहरु, पत्रकारज्यूहरु साथै सम्पूर्ण अतिथि महानुभावहरुमा म ज्वालामूखी गाउँपालिकाको जन निर्वाचित उपाध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

यस गाउँपालिकाको गरिमामय सभामा म आ.ब. २०८१/०८२ को बजेट प्रस्तुत गर्न गईरहेको छु । २००७ साल र त्यस पछिका विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्ति तथा रक्षाका लागि भए गरेका आन्दोलनमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनका क्रममा घाइते हुनुभएका सम्पूर्णमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै हाल देशभरी परीरहेको अविरल वर्षाका कारण भएको धनजनको क्षती प्रति दुख व्यक्त गर्दै यस प्रति सचेत भएर उद्धार कार्यमा जुट्न अनुरोध गर्दछु ।

विपद् जोखिमवाट सुरक्षित हुँदै आम जनमानसको जनजीवनलाई पूर्ववत रुपमा पुऱ्याउन सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, संघ संस्था र आम नागरिकको साथ सहयोग रहनेछ भन्ने दृढ विश्वास लिएको छु।

बजेट तर्जुमा गर्दा मैले मुलतः सम्मानित सभाले पारित गरेको नीति तथा कार्यक्रम, आबधिक योजना, संघीय सरकारको दिगो विकास लक्ष्यलाई आधार बनाएको छु । बजेट तर्जुमाको सिलसिलामा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार बार्षिक वजेट तथा कार्यक्रम तर्जुमा प्रकृयामा भएका ७ चरणहरु वजेटको पूर्व तयारी, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वस्तीहरुमा योजना छनौट, वडा स्तरमा प्राथमिकता निर्धारण तथा छनौट, वजेट तथा कार्यक्रम तर्जुमा समिति, गाउँकार्यपालिकावाट वजेट तथा कार्यक्रम स्वीकृति साथै राजनीतिक दल, नागरिक समाज, विषयगत विशेषज्ञहरुसँगको राय सुझाव साथै विभिन्न संघ संस्था लगायत सबैबाट प्राप्त सुझावलाई समेत ध्यान दिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) उपलब्ध साधन स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी सामाजिक, आर्थिक र भौतिक विकास मार्फत समृद्ध ज्वालामूखी निर्माण गर्ने।

(ख) सामाजिक समावेशिकरणको माध्यमबाट सबै वर्ग क्षेत्र लिङ्ग तथा समूदायको गाउँपालिकाबाट हुने सम्पूर्ण क्रियाकलापमा समान पहुँचको अवसर प्रदान गर्दै गाउँपालिकाप्रतिको विश्वासमा अभिवृद्धि गरी अपनत्व बोध गराउने।

**सभाध्यक्ष महोदय,**

बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका प्राथमिकता निर्धारण गरेको छु ।

- गाउँपालिकाको नारा **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार-समृद्ध ज्वालामूखीको मूल आधार"** को मूल मर्मको आधार ।
- गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानी लगायत सामाजिक आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण ।
- सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउने, स्वास्थ्य सेवाको दायरा विस्तार र स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती ।
- नागरिकका लागि काम र रोजगारीको अबसर,सामाजिक सुरक्षा र संरक्षण।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षको लागि विनियोजित योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**शिक्षा क्षेत्र :-**

- गुणस्तरीय शिक्षाको व्यबस्था गर्न विद्यालय शिक्षक तथा कर्मचारीको प्रोत्साहनको लागि **रु. ४५ लाख**, आवश्यकताको आधारमा शिक्षक व्यवस्थापनको लागि **रु.१८ लाख**, विद्यालय फोटकपी मेसिन तथा कम्प्यूटर वितरणको लागि रु. **५ लाख** साथै विद्यालय व्यवस्थापन तथा संचालन अनुदानको लागि **रु. २२ लाख** विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रको गुणस्तर वृद्धि गर्न MGML कार्यक्रमको लागि **रु. ९ लाख**, उच्च शिक्षा कक्षा ११ र १२ मा अध्यनरत विद्यार्थीको लागि निशुल्क शिक्षा कार्यक्रमको लागि रु

३० लाख, सामुदायिक विद्यालय बाट SEE पास गरेकाको लागि प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम वापत **रु ७ लाख**, विपन्न तथा अभिभावक विहिन वालवालिका छात्रवृत्ति कार्यक्रमको लागि **रु. ४ लाख** विनियोजन गरेको छु ।

- शिक्षा शाखा मार्फत हुने गरेका काममा सहजता ल्याउनको लागि प्र.अ. बैठक तथा शिक्षा शाखा संचालनको लागि **रु. ६ लाख**, निशुल्क शिक्षाको लागि परीक्षा संचालन तथा व्यवस्थापनको लागि **रु. २५ लाख** विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रको गुणस्तरमा सुधार ल्याउन कक्षा १२ का विद्यार्थीलाई सूचना प्रविधिको प्रयोग तथा नेतृत्व विकास कार्यक्रमको लागि **रु. ५ लाख**, वालवालिका क्षमता विकास कार्यक्रमको लागि रु. **२ लाख**, पञ्चवर्षिय शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम निर्माणको लागि **रु. २ लाख**, पाठ्यक्रम प्रवोधीकरण तथा विषय विज्ञ व्यवस्थापनको लागि **रु. ७ लाख**, शैक्षिक क्यालेण्डर, शिक्षक पाठयोजना डायरी तथा विद्यार्थी लकबुक छपाईको लागि रु. **३ लाख ५० हजार**, विद्यालय शिक्षक तथा विद्यार्थी सम्मान तथा शैक्षिक मेला कार्यक्रमको लागि **रु. ४ लाख**, पढ्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रमको लागि **रु. ४ लाख** विनियोजन गरेको छु।
- राष्ट्रपति रनिङसिल्ड तथा विद्यालय खेल शिक्षक व्यवस्थापनको लागि **रु. १५ लाख** विनियोजन गरेको छु।
- शिक्षा क्षेत्रको समग्र विकासको लागि कुल रकम रु. २ **करोड १३ लाख ५० हजार** विनियोजन गरेको छु ।

**स्वास्थ्य क्षेत्र :-**

- स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बिस्तार गर्न स्वास्थ्य विमा कार्यक्रमको लागि **रु. १० लाख**, निशुल्क औषधी वितरण साथै संक्रामक रोग व्यवस्थापन कार्यक्रमको लागि **रु. १५ लाख**, नागरिक आरोग्य केन्द्र व्यवस्थापन तथा विस्तारको लागि **रु. ७ लाख**, ज्वालामूखी ग्रामीण आँखा केन्द्र सेवा व्यवस्थापन तथा विस्तारको लागि **रु. २ लाख** र स्वास्थ्य शिविर तथा विशेषज्ञ सेवा विस्तारको लागि **रु. ४ लाख** विनियोजन गरेको छु ।
- कोखदेखि शोकसम्म ज्वालामूखी सरकार कार्यक्रम अन्तर्गत गर्भवती र सुत्केरी महिलाहरुलाइ निःशुल्क एम्वुलेन्स सेवा साथै अध्यक्ष सुत्केरी पोषण भत्ता वितरण कार्यक्रम को लागि **रु. ७ लाख** विनियोजन गरेको छु ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन तथा क्षमता विकासको लागि रु. ४ **लाख** र नवजात शिशु विमा कार्यक्रम संचालन गर्न रु. **५ लाख** विनियोजन गरेको छ ।
- विविध स्वास्थ्य कार्यक्रम संचालन तथा व्यवस्थापन, स्वास्थ्य शाखा व्यवस्थापन साथै स्वास्थ्यकर्मी क्षमता विकास लागि **रु. ५ लाख,** क्षमता विकास प्रोत्साहन तथा सम्मान साथै विभिन्न दिवसीय कार्यक्रम साथै विद्यालय स्वास्थ्य शिक्षा र पोषण कार्यक्रमको लागि **रु. २ लाख,** उत्तर सुत्केरी भेट कार्यक्रम व्यवस्थापन तथा वृद्वि अनुगमन तथा प्रवर्दन अन्तर्गत नुन वितरण साथै स्वच्छ वच्चा प्रतिस्पर्धा समेतको लागि **रु. २ लाख** साथै गम्भीर विरामीको उपचारमा सहजता ल्याउने उद्देश्यले उपचार सहायता कोष संचालानार्थ **रु ५ लाख** विनियोजन गरेको छु ।
- आम नागरिकले स्वस्थ्य संस्थामा पहुँच नपुगेकै कारण स्वास्थ्य उपचारबाट बञ्चित हुन नपरोस भन्ने उद्देश्यले अध्यक्ष राहत कोषमा जम्मा हुने गरि **रु ८ लाख** विनियोजन गरेको छु ।
- स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि कुल रकम रु. **७६ लाख** विनियोजन गरेको छु ।

**कृषि क्षेत्र :-**

- कृषि उपजको उत्पादन र उत्पादकत्व अभिवृद्धिको लागि उत्पादन हातमा अनुदान साथमा कार्यक्रम संचालको लागि **रु. १३ लाख,** क्रप कटिंग सर्भे (धान, मकै, कोदो,तोरी, आलु, तरकारी आदि) तथा धान दिवस मनाउने कार्यक्रमको लागि **रु. १ लाख,** कृषि उत्पादन संकलन केन्द्र परिचालन तथा कृषि उत्पादन वजारीकरण कार्यक्रम संचालनको लागि **रु. ५ लाख,** ५० प्रतिशत अनुदानमा मागमा आधारित कृषि औजार सामाग्री बितरणको लागि **रु. ११ लाख** विनियोजन गरेको छु ।
- कृषि क्षेत्रको प्रवर्द्धन गरी आम नागरिकलाई आत्मनिर्भर बनाउने उद्देश्यले उन्नत जातको वीउ वीजन वितरणका लागि **रु. ५** लाख, ५०% अनुदानमा जैविक तथा प्राङ्गारिक मल खेती प्रवर्धन कार्यक्रमको लागि रु. **३ लाख,** जैविक रसादी तथा आ.इ.पी.एम एप्रोचका सामाग्रीहरू वितरण कार्यक्रमको लागि रु. २ **लाख,** तरकारी खेती प्रवर्धन कार्यक्रम अन्तर्गत टनेलको लागि प्लाष्टिक वितरणको लागि रु. **३ लाख,** मागमा आधारित फलफुल खेती प्रवर्धन कार्यक्रम (कफी कागती एभोकाडो आँप लिची आदि) संचालको लागि **रु. ५ लाख,** खोला र नदि किनार क्षेत्रमा गरिने वगर खेती प्रवर्धन कार्यक्रमको लागि रु.

३ लाख, मागमा आधारित च्याउ खेती प्रवर्द्धन कार्यक्रम (५०% अनुदान) को लागि **रु. २ लाख**, मागमा आधारित मौरी प्रवर्द्धन कार्यक्रम (५०% अनुदान) को लागि **रु. ५ लाख** र अदुवा, हलेदो, सखरखण्ड प्रवर्द्धन कार्यक्रम कार्यक्रम संचालनको लागि **रु. ५ लाख** विनियोजन गरेको छु ।

- कृषि क्षेत्रको समग्र विकासको लागि कुल रकम रु. **६३ लाख** विनियोजन गरेको छु।

**पशु विकास तर्फ :-**

- कृषकहरुलाई पशुपालन तर्फ आकर्षित गर्न पशु विमा कार्यक्रम संचालनार्थ **रु. ८ लाख** विनियोजन गरेको छु ।
- विभिन्न रोग तथा परजिवी नियन्त्रणको लागि औषधी खरिद तथा वितरण कार्यक्रमको लागि रु. **१५ लाख**, लम्पिस्किन डिजिज र पि.पि.आर खोप संचालन कार्यक्रमको लागि रु. **६ लाख**, भ्यागुते,चरचरे रोग विरुद्ध खोप कार्यक्रम संचालनको लागि रु. **६० हजार**, रोग निदान कार्यक्रमको लागि **रु. ५० हजार** र विद्यालयहरुमा जुनोटिक रोग (रेबिज,स्वाईन फ्लू आदि) सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालनको लागि **रु. १ लाख** विनियोजन गरेको छु ।
- नश्ल सुधार मार्फत उन्नत प्रकारको पशु पालनको लागि **रु २ लाख**, रेबिज रोग विरुद्ध खोप कार्यक्रमको लागि **रु. १ लाख**, कुकुर बन्ध्याकरण शिविर कार्यक्रमको लागि रु. **२ लाख** विनियोजन गरेको छु ।
- कृषकहरुलाई पशुपालन तर्फ आकर्षित गरि पशुपालन प्रवर्द्धन तथा विकासको लागि गा.पा.को हरेक वडाहरुको सेवा केन्द्रहरुमा प्रयोगशाला संचालनार्थ **रु. २ लाख**, दलित तथा सिमान्तकृत समुदायको लागि गाईभैसी थलो सुधार कार्यक्रमको लागि **रु. २ लाख** र हलगोरु पाल्ने कृषकलाई अनुदान कार्यक्रमको लागि **रु. ५ लाख २० हजार** विनियोजन गरेको छु ।
- १५ माउ बाख्रा पाल्ने कृषकहरुलाई अनुदान कार्यक्रमको लागि रु. **७ लाख ७५ हजार** विनियोजना गरेको छु।
- पशु विकास कार्यक्रम अन्तर्गत कुल रकम रु. **५३ लाख ५ हजार** विनियोजन गरेको छु।

**सहकारी संस्था तर्फ**

- कृषि सहकारीहरुको प्रवर्द्धन, नियमन, अनुगमन तथा निरीक्षणको लागि सहकारी संस्थाको कर्मचारी, सञ्चालक समिति र लेखा समितिका पदाधिकारीहरुलाई COPOMIS, कार्यालय व्यवस्थापन र लेखा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालनको लागि रकम **रु. ३ लाख,** विज्ञ सहितको टोलीले सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन, निरीक्षण तथा पृष्ठपोषणको लागि **रु. १ लाख** र सहकारी सम्बन्धी आवश्यक नियमावली, कार्यविधिहरु तयार सम्वन्धी जनप्रतिनिधिहरुलाई सहकारी सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नको लागि **रु. १ लाख** गरी जम्मा **रु. ५ लाख** विनियोजन गरेको छु ।

**श्रम तथा रोजगार तर्फ**

- श्रम तथा रोजगार सम्वन्धी सचेतनामूलक कार्यक्रम र सीप प्रमाणीकरण अन्तर्गत मनोसामाजिक परामर्शकर्ता, वित्तीय साक्षरता कक्षा सञ्चालन तथा विविध कार्यक्रमको लागि **रु. २ लाख ८० हजार** र सीप प्रमाणीकरण र प्रमाणपत्र हस्तान्तरण कार्यक्रमको लागि **रु. ३ लाख** गरी **जम्मा रु. ५ लाख ८० हजार** विनियोजन गरेको छु ।

**उद्यमशिलता तर्फ**

- युवाहरुलाई आत्मनिर्भर वनाउन उत्पादन मुलक व्यवसायिक तालिम संचालनार्थ **रु. ५ लाख** विनियोजन गरेको छु ।
- कृषि उपज संकलन तथा वजारीकरणको लागि कोसेली घर संचालन तथा व्यवस्थापन गर्न **रु. ३ लाख** विनियोजन गरेको छु ।

**राष्ट्रिय परिचयपत्र, सामाजिक सुरक्षा तथा पंजीकरण तर्फ**

- राष्ट्रिय परिचयपत्र, सामाजिक सुरक्षा तथा पंजीकरण शाखावाट संचालन हुनेगरी **रु. ३ लाख** विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

- खेलकुदको माध्यमवाट युवाहरुलाई शारिरिक तथा मानसिक रुपले तन्दुरुस्त वनाउनको लागि विविध खेलकुद कार्यक्रम संचालन गर्न **रु. २० लाख** विनियोजन गरेको छु ।

**सामाजिक समावेशिकरण तर्फ :-**

- सामाजिक, आर्थिक रुपले पछाडी पारिएका वा परेका समुदाय वा व्यक्तिको सवलीकरणको लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत विपन्नताको कारण सहायता सामाग्री प्रयोग गर्न नसकेका अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्री वितरणको लागि **रु. ३ लाख,**

बौद्दिक अपाङ्गता भएका व्यक्तिहरुलाई पुनर्स्थापना कोषको लागि **रु. २ लाख** विनियोजन गरेको छु ।

- लक्षित वर्ग कार्यक्रम अन्तर्गत एकल महिला लक्षित कार्यक्रम संचालको लागि **रु. १ लाख,** महिला लक्षित घरेलु उद्योग संचालन तथा प्रविधि हस्तान्तरण कार्यक्रमको लागि **रु. ४ लाख** र महिला नेतृत्व विकास तथा उद्घोषण तालिम संचालनको लागि **रु. ४ लाख** विनियोजन गरेको छु ।
- लक्षित वर्ग कार्यक्रम अन्तर्गत दलित समुदायको परम्परागत सीप संरक्षण कार्यक्रमको लागि **रु. ४ लाख,** दलित उत्थान तथा प्रवर्द्धन कार्यक्रमको लागि **रु. ३ लाख** र अति विपन्न दलित परिवारको लागि शौचालय स्तरोन्नतीको लागि **रु. ७ लाख** विनियोजन गरेको छु ।
- ज्येष्ठ नागरिक सीप तथा अनुभव हस्तान्तरण कार्यक्रमको लागि **रु. ३ लाख ५०** हजार, जनजाती लक्षित कार्यक्रमको लागि **रु. ८ लाख,** लै. स. सा. स परीक्षणको लागि **रु. १ लाख ५० हजार** लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियानको लागि **रु. २ लाख** विनियोजन गरेको छु ।
- हिंसा पिडित महिला तथा वालवालिकाको संरक्षण र राहतको लागि उद्दार कोष संचालन गर्न **रु. २ लाख** विनियोजन गरेको छु ।
- सामाजिक समावेशीकरण तर्फ कुल रकम **रु. ४५ लाख** विनियोजन गरेको छु ।

**न्यायिक समिति व्यवस्थापन तर्फ :-**

- न्यायमा सबै वर्ग, क्षेत्र तथा समुदायको पहुँचको सुनिश्चितता तथा न्यायपूर्ण समाज निर्माणका लागि न्यायिक समिति तथा मेलमिलाप केन्द्र व्यवस्थापनको लागि **रु १२ लाख ५० हजार** विनियोजन गरेको छु ।

**विपद् व्यवस्थापन तर्फ :-**

- प्राकृतिक प्रकोपका कारण सृजित क्रियाकलापवाट प्रभावित आम जनताको लागि राहत उपलव्ध गराउने उद्देश्यले विपद् व्यवस्थापन कोष संचालनको लागि **रु. १० लाख** विनियोजन गरेको छु ।

**संस्कृति तथा पर्यटन तर्फ :-**

- गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको विकास तथा संरक्षण साथै संस्कृतिको जगेर्ना गर्नको लागि ढोला मण्डली स्तरोन्नती, खरीकोट स्तरोन्नती, अनकन्या मन्दिर

स्तरोन्नती, मैदीकोट स्तरोन्नती, जलमूखी माई मन्दिर स्तरोन्नती, बौद्ध विहार निर्माणार्थ र नरसिंहधाम निर्माण तथा व्यवस्थापनको लागि **रु. ३२ लाख** विनियोजन गरेको छु।

- भाषा सँस्कृतिको जगेर्ना गर्नको लागि गुरुङ जातीको भाषा कला संस्कृति र स्वाभिमानको संरक्षण एवं प्रवर्द्धनार्थ **रु. २ लाख ५० हजार** र मगर जातीको संस्कृति संरक्षण एवं सम्वर्द्धनको लागि **रु. २ लाख** विनियोजन गरेको छु।

**अन्य सामाजिक क्षेत्र :-**

- शान्ति सुरक्षा तथा अन्य सामाजिक उत्तरदायित्य पुरा गर्न प्रहरी चौकी साँधभञ्जयाङ र प्रहरी चौकी मैदीको व्यवस्थापनका लागि **रु ४ लाख,** रक्तसंचार कोष स्थापनार्थ रेडक्रस धादिङका लागि **रु ३ लाख,** नीलकण्ठ कलेज व्यवस्थापन **रु. ५ लाख** र अग्रज नेतृत्वको सम्मान साथै विचारहरुलाई जीवन्त राख्न वि. पि. स्मृति भवन निर्माणार्थ **रु २० लाख** विनियोजन गरेको छु ।

**सुशासन तथा राष्ट्रसेवक कर्मचारीतर्फ :-**

- कर्मचारीहरुको काम प्रतिको उत्साहलाई कायम राख्न, कर्मचारी को मनोवल उच्च पार्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले गाउँपालिकाको कार्यालयका साथै अन्य विषयगत शाखामा कार्यरत अस्थायी/करार सेवाका कर्मचारीको सेवा निवृत्त जीवनलाई सहज बनाउन कर्मचारी कल्याण कोषमा रहने गरी **रु १५ लाख** विनियोजन गरेको छु ।
- कार्यालय व्यवस्थापन अन्तर्गत ज्वालामूखी गाउँपालीका, विषयगत शाखा, स्वास्थ्य संस्थाहरुको व्यवस्थापन, कर्मचारीको तलव भत्ता साथै निर्वाचित पदाधिकारीहरुको सेवा सुविधाका लागि **रु १२ करोड १२ लाख** विनियोजन गरेको छु।
- नवप्रवर्तन अनुसन्धान, लक्षित वर्ग लोक सेवा तयारी कक्षा संचालन, विधायन समिति व्यवस्थापन, ईन्जिनियरिङ ल्याव व्यवस्थापन, बजार अनुगमन, एकिकृत घुम्ती सेवा संचालन, योजना अनुगमन तथा मुल्याङ्कन, सामुदायिक वन महासंघ ज्वालामूखी व्यवस्थापन, साँधभञ्याङ सामुदायीक भवन निर्माण, भाषण कला तथा उद्घोषण तालिम संचालन र गाउँपालिकाको प्रशासनिक भवन निर्माणार्थ **रु. १ करोड ४६ लाख** विनियोजन गरेको छु।
- सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई जोड दिन गाउँपालिका,शाखा र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र व्यवस्थापन, गाउँपालिका, शाखा र वडा कार्यालय, स्वास्थ्य संस्था र मा.वि मा विद्युतीय हाजिरी जडान, अनलाईन न्याय सम्पादन प्रणाली

जडान, कृषि उपज माग आपूर्ती व्यवस्थापन प्रणाली जडान, विद्यालय वेवसाईट तथा मोवाईल एप्स व्यवस्थापन जडान गर्नको लागि **रु. ४६ लाख** विनियोजन गरेको छु ।

**खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्र :-**

- खानेपानी योजनाहरुलाई एकीकृत गरी सहज र सरल तरीकाले गाउँपालिका भरी एकरुपता कायम गर्न ग्रामीण खानेपानी सरसफाइ तथा स्वच्छता बोर्डमा आवद्ध गराउन साथै बोर्ड मा आवद्ध भएका एवं नयाँ खानेपानी आयोजना संचालानार्थ ग्राभिटी ,लिफ्ट तथा डिव वोरिङ खानेपानी प्रणाली मर्मत **रु. १६ लाख,** खानेपानी बोर्डमा अवद्ध लिफ्ट तथा डिप वोरिङ खानेपानी बिद्युतको लागि **रु. १८ लाख**, खानेपानी ल्याव अवश्यक सामाग्रीको लागि **रु. १ लाख ४५ हजार ५ सय,** रातमाटा खानेपानी सरसफाइ आयोजना (स्रोत साझेदारीमा गर्न) **रु. १५ लाख**, पिपलटार खानेपानी सरसफाइ आयोजना (स्रोत साझेदारीमा) **रु. ३ लाख**, वतासे चैनपुर खानेपानी सरसफाइ आयोजना **रु. १० लाख,** सालवोटे खानेपानी **रु. ३ लाख**, तीनपाटे खानेपानी योजना **रु. ९ लाख**, पुजारीगाउ ,झ्यारीगाँउ, वराइटोल खानेपानी सरसफाइ आयोजना **रु. ५ लाख**, धारापानी कामीगाउँ खानेपानी **रु. ५ लाख**, आलेगाउं खानेपानी सरसफाइ आयोजना (स्रोत साझेदारीमा) **रु. १० लाख**, छोरी गण्डकी  खानेपानी आयोजना **रु. २ लाख**, माथिल्लो कुमालटारी खानेपानी **रु. ७ लाख**, चुलीडाडा, काउलेडाडा  खानेपानी तथा सरसफाइ आयोजना **रु. ३ लाख**, हुलाकभन्ज्याङ खानेपानी सरसफाइ आयोजना **रु. ३ लाख**, पाखागाउ डुम्रेगैरा खानेपानी सरसफाइ आयोजना **रु. ३ लाख**, लुमा ,भदौरे , एकल्टार, ढोडेनी, ज्यामीरेस्वाँरा खानेपानी सरसफाइ आयोजना **रु.  ५ लाख**, पानीको रिचार्जको लागि पोखरी निर्माण **रु. ७ लाख**, खानेपानी बोर्ड संचालनको लागि **रु. ५ लाख,** ज्वालामूखी गाउँपालिका पूर्ण सरसफाई कार्यक्रमको लागि **रु. १८ लाख**, विरुवा दलित बस्ती खानेपानी योजना **रु. ३ लाख** र झाँक्रेभिर कोयापानी पुछारचौतारो खानेपानी आयोजनाको लागि **रु. ३ लाख** विनियोजन गरेको छु ।
- खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको समग्र विकासको लागि कुल जम्मा रकम **रु. १ करोड ५४ लाख ४५ हजार ५ सय**  विनियोजन गरेको छु ।

**भौतिक पुर्वाधार क्षेत्र :-**

- गाउँपालिका क्षेत्र भित्रका मुख्य मुख्य सडकहरु स्तरोन्नती गरी यातायात पूर्वाधारलाई सहज बनाउनको लागि साँधभञ्ज्याङ खरी बुङ्कोटघाट सडक कालोपत्रेको लागि **रु १ करोड ७० लाख,** हुलाकभञ्ज्याङ सालवास चैनपुर बुङ्कोटघाट सडक कालोपत्रेको लागि **रु १ करोड ३० लाख,** ढोला मण्डली सडक मर्मतको लागि **रु २५ लाख,** आलेगाउँ बाझगरा काप्रीगाउँ कुमालटारी सडक मर्मत लागि **रु १५ लाख,** शाखा सडक मर्मतको

लागि **रु. ४५ लाख** साथै गाउँपालिका क्षेत्रभित्रका मुख्य सडकहरु लाई बाह्रै महिना सुचारु गर्नको लागि मर्मत सम्भार कोषमा जम्मा हुने गरी **रु. ३० लाख** विनियोजन गरेको छु ।

- सेवा प्रवाहलाई सरल र सहज बनाउन वडा नं. ४ को वडा कार्यालय भवन स्तरोन्नतीको लागि **रु. २० लाख** विनियोजन गरेको छु ।
- समानुपातिक तथा समन्यायिक तवरले विकास क्रियाकलापलाई अगाडी बढाउने उद्देश्यका साथ वडाहरुबाट संचालन हुने योजनाहरुको लागि वडागत रुपमा विनियोजन गर्ने गरी वडा नं १,२,३,६ र ७ मा समान रुपले **रु ४० लाख** का दरले **रु. २ करोड** र वडा नं. ४ र ५ मा समान रुपले **रु. ४५ लाख** का दरले **रु. ९० लाख** साथै गाउँपालिकाबाट संचालन हुने योजनाहरुको एकमुष्ठ **रु. २ करोड ७१ लाख** र आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न भइ भुक्तानी हुन बाँकी योजनाको भुक्तानी र दायित्व फिर्ताको लागि **रु २ करोड ४१ लाख ५८ हजार २ सय** विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

**संघीय तथा प्रदेश सरकारबाट विनियोजित बजेट तर्फः-**

- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम संचालनार्थ **रु २१ करोड ९६ लाख** साथै प्रदेश सरकार बाट **हस्तान्तरीत** कार्यक्रम संचालनार्थ **रु ३ करोड ११ लाख ८० हजार** बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अव म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न **रु ६२ करोड ३१ लाख ६७ हजार ७ सय** बराबरको बजेट विनियोजन गरेको छु।

कुल विनियोजन मध्ये आन्तरिक आम्दानी, राजश्व बाँडफाँड र वित्तिय समानीकरणबाट प्राप्त अनुदान बाट **रु. १२ करोड १२ लाख** जुन कुल बजेटको १९.४४ प्रतिशत हुन्छ उक्त रकम चालु खर्च साथै कार्यालय व्यवस्थापन तर्फ, बाँकी **रु. ५० करोड १९ लाख ७६ हजार ७ सय** जुन कुल बजेटको ८०.५६ प्रतिशत हुन्छ , उक्त रकम सशर्त कार्यक्रम तथा पूँजीगत खर्च अन्तर्गत खर्च हुने अनुमान गरेको छु ।

आगामी आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक आम्दानी बाट **रु. ८ करोड ८६ लाख ५८ हजार**, संघ तथा प्रदेशको राजस्व बाँडफाँडबाट प्राप्त हुने **रु. ११ करोड ७ लाख ६५ हजार २ सय**, त्यसै गरी संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदानबाट **रु. १२ करोड ६८ लाख**, समपुरक अनुदानबाट **रु. ५५ लाख**, सर्शत अनुदानबाट **रु. २२ करोड ८५ लाख ८ हजार**, प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानीकरण अनुदानबाट **रु. १ करोड ३२ लाख १५ हजार**, सर्शत अनुदानबाट **रु. २ करोड २७ लाख २१ हजार** समपुरक अनुदानबाट **रु २ करोड** र विशेष अनुदानबाट **रु ७० लाख** हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय-व्ययको अनुमान अनुसूचीमा उल्लेख गरेको छु ।

प्रस्तुत भएको आगामी आ.व. २०८१/०८२ को बजेट कार्यान्वयनबाट राष्ट्रिय रुपमानै परेको राजश्व प्राप्तिको संकुचन साथै विश्वव्यापी आर्थिकमन्दी बाट आम नागरिकको जीवनमा परेको प्रभाव न्यूनीकरण हुने, स्वास्थ्य प्रणाली सुदृढ र सवल हुने, गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, रोजगारीको अवसर सृजना हुने, सबै नागरिकले सामाजिक सुरक्षा एवं संरक्षण प्राप्त गर्ने साथै न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने मैले अपेक्षा गरेको छु ।

आगामी आ.व मा तत्काल प्रतिफल दिने गरी खानेपानी, सडक जस्ता भौतिक पुर्वाधार आयोजनाको निर्माण कार्य अघि बढिरहेकाले यसलाई निरन्तरता दिई सम्पन्न हुने अपेक्षा गरेको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने श्रद्धेय गाउँपालिकाका अध्यक्ष ज्यू, गाउँसभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, राजनीतिक दल, विषयगत समितिका पदाधिकारी, नागरिक समाज, विद्धत वर्ग लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु ।बजेट कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

अन्त्यमा, गाउँपालिका भित्र र बाहिर रहनु भएका गाउँपालिका बासी सम्पूर्ण आमा बुबा, दिदी बहिनी तथा दाजुभाईलाई समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणमा योगदान गर्न आव्हान गर्दछु ।

**धन्यवाद !!!**

**धर्म बहादुर अर्याल**

**उपाध्यक्ष ज्वालामूखी गाउँपालिका**

**जय ज्वालामूखी !!!**